# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०३।१२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहटको गुजरा नगरपालिका र फतुवा विजयपुर नगरपालिकाको लाल बकैया नदीको आन्तरिक आय व्यवस्थापन सम्बन्धी जिल्ला समन्वय समितिको रोहवरको बैठकबाट दुबै नगरपालिकाले संयुक्त रुपमा ढुंगा, गिट्टी र बालुवाको ठेक्का गर्ने र प्राप्त हुन आउने आयको फतुवा विजयपुर नगरपालिकाले ६०% र गुजरा नगरपालिकाले ४०% रकम वाडँफाँड गर्ने निर्णय भएकोमा फतुवा विजयपुर नगरपालिकाले आ.व. २०७५/०७६ को लाल बकैया नदीको ठेक्का प्रचलित ऐन नियम विपरीत रद्ध गरी नगरपालिकालाई नोक्सानी पुऱ्याएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न देहायका व्यक्तिहरुलाई देहाय बमोजिमको कसुरमा देहाय अनुसार सजायको मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ को उपदफा (१) बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

(क) फतुवा विजयपुर नगरपालिका, नगरकार्यपालिका रौतहटका **तत्कालीन र हालका नगरप्रमुख गोपाल राय यादव, तत्कालीन नगर उप-प्रमुख कान्ती देवी, वडा नं. १ का तत्कालीन वडा अध्यक्ष संजय प्रसाद, वडा नं. २ का तत्कालीन वडा अध्यक्ष भविछन राय यादव, वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष दिपनारायण साह, वडा नं. ५ का तत्कालीन र हालका वडा अध्यक्ष शेख एजाज अहमद, वडा नं. ६ का तत्कालीन वडा अध्यक्ष हिरा राय यादव, वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष र हालका नगर कार्यपालिकाका सदस्य उमाशंकर साह कलवार, वडा नं. ९ का तत्कालीन वडा अध्यक्ष दिपनारायण चौधरी, वडा नं. १० का तत्कालीन वडा अध्यक्ष योगेन्द्र प्रसाद चौधरी, वडा नं. ११ का तत्कालीन र हालका वडा अध्यक्ष ज्ञानेन्द्र चौधरी, नगर कार्यपालिकाका तत्कालीन नगर कार्यपालिका सदस्य लक्ष्मण साह कानु, तत्कालीन नगर कार्यपालिका सदस्य सुन्दरी माझी, तत्कालीन नगर कार्यपालिका सदस्य र हाल वडा नं. ७ को वडा सदस्य जिरनी देवी, तत्कालीन नगर कार्यपालिका सदस्य फुल कुमारी देवी, संजु देवी जयसवाल, शशी कुमार साह र रबिन्द्र कुमार निधिले** मिति २०७५।०९।१५ मा लाल बकैया नदीको ठेक्का सम्बन्धमा भएको नगर कार्यपालिकाको बैठकको निर्णय कार्यन्वयन गराउन वेवास्ता गरेको, सबैभन्दा बढी वोलकवोल गर्ने बोलपत्रदाताले सम्झौता गर्न इन्कार गरे पछि दोश्रो बढी वोलकवोल गर्ने बोलपत्रदातालाई सम्झौता गर्न बोलाउने र पहिलो बढी वोलकवोल गर्ने वोलपत्रदाताको धरौटी जफत गर्नुपर्नेमा अमानतबाट राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिएको र मिति २०७५।११।१७ मा नगर कार्यपालिकाको बैठकबाट धरौटी फिर्ता दिने निर्णय गरेको कारण नगरपालिकाको आन्तरिक आयमा रु.१,५३,५०,१९९।— हानिनोक्सानी गर्ने मनसायले बदनियत राखी कार्यपालिकाको बैठकबाट भएको मिति २०७५।०९।१५ को निर्णय कार्यन्वयन नगराएको र मिति २०७५।११।१७ मा धरौटी फिर्ता दिने निर्णय गरी सरकारी

हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले निजहरु गोपाल राय यादव, कान्ती देवी, संजय प्रसाद, भविछन राय यादव, दिपनारायण साह, शेख एजाज अहमद, हिरा राय यादव, उमाशंकर साह कलवार, दिपनारायण चौधरी, योगेन्द्र प्रसाद चौधरी, ज्ञानेन्द्र चौधरी, लक्ष्मण साह कानु, सुन्दरी माझी, जिरनी देवी, फुल कुमारी देवी, संजु देवी जयसवाल, शशी कुमार साह र रबिन्द्र कुमार निधिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम बिगो रु.१,५३,५०,१९९।—(एक करोड त्रीपन्न लाख पचास हजार एक सय उनान्सय रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र हानिनोक्सानी भएको बिगोसमेत ऐ.ऐ. ऐनको दफा १७ बमोजिम निजहरुवाट असुलउपर गरी फतुवा विजयपुर नगरपालिका र गुजरा नगरपालिकालाई क्रमश ६०% (साठी प्रतिशत) र ४०% (चालीस प्रतिशत) रकम दिलाई भराई पाउन मागदावी लिइएको छ ।

(ख) फतुवा विजयपुर नगरपालिका, नगरकार्यपालिका रौतहटका तत्कालीन समयमा कार्यरत **प्रमुख प्रशासकीय अधिकृत सागर कुमार रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत गोकुल ढुंगेल र निमित्त प्रमुख प्रशासकीय अधिकृत रन्जना साह**को हकमाः सागर कुमार रोका र गोकुल ढुंगेल प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत रहँदाको अवधिमा निजहरुले मिति २०७५।०९।१५ मा भएको नगर कार्यपालिका बैठकको निर्णय कार्यन्वयन गराउन वेवास्ता गरेको, सम्झौता गर्नको लागि ७ दिनको म्याद दिइएकोमा सो म्याद समाप्त हुँदासमेत नियमानुसार सम्झौता गर्न नआउने ठेकेदारलाई कारवाहीको प्रक्रिया बढाउन धरौटी जफत गर्ने कार्य नगरेको, पहिलो बढी वोलकवोल गर्ने वोलपत्रदाताले सम्झौता गर्न इन्कार गरे पछि निजको धरौटी जफत गरी दोश्रो बढी वोलकवोल गर्ने वोलपत्रदातालाई सम्झौताको लागि वोलाउनु पर्ने भनी रकम र सरकारी ठेक्का बन्दोबस्त ऐनको दफा १५ को उपदफा (३) को कानूनी व्यवस्था विपरीत अमानतबाट राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिएको र धरौटी जफतको लागि कुनै पनि पहल नगरेको र रन्जना साहले मिति २०७५।११।१७ मा नगर कार्यपालिकाको बैठकबाट धरौटी फिर्ता दिने निर्णय गरेको कारण नगरपालिकाको आन्तरिक आयमा रु.१,५३,५०,१९९।— हानिनोक्सानी गर्ने मनसायले बदनियत राखी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले निज सागर कुमार रोका, गोकुल ढुंगेल र रन्जना साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम बिगो रु.१,५३,५०,१९९।— (एक करोड त्रीपन्न लाख पचास हजार एक सय उनान्सय रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र हानिनोक्सानी भएको बिगो रकमसमेत ऐ.ऐ. ऐनको दफा १७ बमोजिम निजहरुवाट असुलउपर गरी फतुवा विजयपुर नगरपालिका र गुजरा नगरपालिकालाई क्रमश ६०% (साठी प्रतिशत) र ४०% (चालिस प्रतिशत) रकम दिलाई भराई पाउन मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी